

# मन्थन

पुस्तक समीक्षा





*एडिटर अनप्लग्ड : मिडिया, म्याग्नेट्स, नेताज एण्ड मि* ५०




*दिस चेन्जेज एभ्रिथिङ : क्यापिटालिज्म भर्सेज द क्लाइमेट* ५३

# शासकीय शक्तिको चौतर्फी अवसान





पुस्तक : *दि इन्ड अफ पावर : फ्रम बोर्डरूम्स टु ब्याटलफिल्ड्स एण्ड चर्च टु स्टेट्स, हवाइ विइङ इन चार्ज इजन्ट हवाट इट युज्ड टु वि*
लेखक : मोसेस नाइम
प्रकाशक : बेसिक बुक्स, २०१४
पृष्ठ : ३२२
मूल्य : १२.८८ डलर
ISBN: 978-0-465-06568-4



**समीक्षक : हीरामणि घिमिरे**


## उथलपुथलमय शक्तिको राजनीति

आधुनिकताको यात्रामा विश्वभरि नै नयाँ सिलसिलाहरू देखिन थालेका छन् । विकसित, विकासोन्मुख वा अल्पविकसित हरेक खालका मुलुकमा प्रचलित राजनीतिक परिपाटीले एक किसिमको तनाव भोग्दै गरेका छन्। 'दि इण्ड अफ पावर' पुस्तकले यस्तो किन भइरहेको छ त भन्ने पक्षमा सूक्ष्म तर महत्त्वपूर्ण विश्लेषण गरेको छ । पुस्तकका लेखक मोसेस नाइम भेनेजुएलाका पूर्वमन्त्री हुन्। सत्ता र शक्तिको खेलसँग परिचित नाइमको पृष्ठभूमिका कारण पुस्तक निकै रोचक र विश्वसनीय बन्न पुगेको छ।

## शासकीय शक्तिको अवसान

नाइम भन्छन्, सत्तासँग जोडिएको शक्तिको अवसान राजनीतिक मात्र होइन अन्य क्षेत्रहरूमा पनि देख्न सकिन्छ। निजी क्षेत्रका आर्थिक प्रतिष्ठान, सैनिक संगठन, गैरसरकारी संस्था, दातृ समुदाय र धार्मिक संस्थाका नेतृत्व समेतले शक्तिक्षय बेहोर्नुपरेको विचारोत्तेजक निष्कर्ष उक्त पुस्तकमा उल्लेख छ। अर्थात्, शक्तिमा पहुँच भएका र राख्ने 'सम्भ्रान्त' भनिने वर्ग 'पावर एलिट' ले नै शक्तिको अवसान बेहोर्नु परेको छ।

मानव सभ्यता शुरू भएदेखि शक्तिको प्रयोग यसको चरित्र हुँदै आएको छ। ज्ञान, अर्थ र सैनिक-शक्तिका तीन रूप हुन्, यद्यपि आम रूपमा राज्यसत्ता कब्जा गरेर शक्तिको प्रयोग हुने गर्छ। पछिल्ला अनुभवमा राज्यव्यवस्थामा सत्तासीनहरूको नीति र कार्यक्रम लागू गर्ने क्षमतामा ह्रास आइरहेको छ। ग्रीसको भर्खरैको अनुभव एउटा उल्लेख्य उदाहरण हो। अगस्ट २०१५ मा ग्रीसका प्रधानमन्त्री अलेक्सिस सिप्रासले पदबाट राजीनामा दिएर ग्रीसका मतदातालाई मात्र होइन विश्वलाई नै आश्चर्यचकित पारे। उनी आठ महीना अघि अत्यधिक बहुमतबाट निर्वाचित भएका थिए। यूरोपेली युनियन तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले ग्रीसको अर्थतन्त्रमा थोपर्न खोजेको 'मितव्ययिता' कार्यक्रमको उनले विरोध गरेका थिए। 'मितव्ययिता' को विषयमा गरिएको जनमत संग्रहमा उनले व्यापक जनसमर्थन समेत पाएका थिए, तर प्रधानमन्त्री भएपछि उनी आफ्नो अडानमा टिक्न सकेनन्।

यस्तै अर्को उदाहरण इजिप्टको छ। मोहम्मद मोर्सी २०१२ को जून महीनामा अत्यधिक मत ल्याई राष्ट्रपतिमा निर्वाचित भए, तर एक वर्षपछि नै मतदाता उनको विरोधमा उत्रिए। राष्ट्रपति मोर्सीले पनि कुर्सी नै छोड्नु पर्‍यो। मोर्सी माथि राजनीतिक दबाब परेको थियो भने सिप्रास माथि आर्थिक दबाब थियो।

यो तरल प्रसंग आर्थिक र राजनीतिक संकटसँग जुधिरहेका मुलुकहरूमा मात्र होइन, विकसित मुलुकमा पनि देखिन थालेको छ। सेप्टेम्बर २०१५ मा टोनी एबटले अस्ट्रेलियाको प्रधानमन्त्री बनेको छोटो समयमै पद छाड्नुपर्‍यो। उनका उत्तराधिकारीले विगत पाँच वर्षमा अस्ट्रेलियाको चौथो सरकारको नेतृत्व गर्दैछन्। युरोपेली मुलुक बेल्जियममा राजनीतिक दलले केही वर्षअघि ५४१ दिनसम्म सरकार गठन गर्न सकेनन्। मुलुक सरकारविना चलिरह्यो।

विश्वका यस्ता उदाहरण हेर्दा नेपालमा २०४६ को परिवर्तनपछिका अनुभवलाई कसरी व्याख्या गर्ने? २०४६ को परिवर्तनपछि हालसम्म २३ पटक सरकार गठन भए। एउटा सरकारको सरदर आयु १३ महीना हुने गरेको छ। संक्रमणको यही अवस्थामा संविधानसभाले नयाँ संविधान अनुमोदन गरेपश्चात् आन्तरिक राजनीतिमा थप जटिलता उत्पन्न भएका छन्, मित्रराष्ट्र भारत सरकारसँगको सम्बन्धमा।

## लघु शक्तिहरूको उदय

अझै पनि राज्य वा संगठनको आकार शक्तिको स्रोत हुने मानिन्छ। लेखक भन्छन्, अबको अवस्था त्यस्तो छैन। वस्तुतः लघु शक्तिहरू


**पूर्णाङ्क–१५ : *शिक्षक* मासिक र आइसेट-नेपालको सहकार्यमा २०७१ कात्तिकबाट प्रकाशित हुन थालेको 'मन्थन' (पुस्तक समीक्षा) को यो चौथो अंक हो। आइसेट-नेपालका तर्फबाट यस प्रकाशनको संयोजन कार्यकारी निर्देशक अजय दीक्षितले गर्दछन्।**

(माइक्रो पावर्स) ले बृहत् शक्तिहरू (बिग पावर्स) लाई चुनौती दिन थालेका छन्। सानो आकार, छोटो इतिहास र सीमित दायरा भएका लघु शक्तिहरू स्थापित शक्ति केन्द्रहरूलाई चुनौती दिने स्थितिमा देखिन थालेका छन्। स-साना र अनपेक्षित पृष्ठभूमिबाट आएका नयाँ खेलाडीहरूले शक्ति प्राप्त गर्न थालेका छन्। शासकीय शक्तिको रूपान्तरण भइरहेको यस प्रसंगमा शक्ति स्वयंमा सर्वसुलभ पनि हुँदै आएको छ। तर कसैलाई पनि शक्ति जोगाएर राख्न भने मुश्किल हुन थालेको छ। पुस्तक भन्छ: शासकीय शक्ति हत्याउन सजिलो छ तर जोगाउन गाह्रो। शक्ति जोगाउन वा अरु बढाउन यसलाई थप मजबूत पार्न प्रतिस्पर्धीहरू शक्तिमा नपुगोस् भनी तगाराहरू बलिया पार्नुपर्ने हुन्छ। वास्तविकता के हो भने यस्ता तगाराहरू कमजोर हुँदै आएका छन्। फलस्वरुप, सबैका लागि शक्तिमा पहुँच सहज बन्दै आएको छ। जनआकांक्षा, सामाजिक मूल्य तथा वैचारिक मान्यताहरूमा आएको परिवर्तनले शासकीय शक्तिको स्रोतमा खलबल पुऱ्याएको छ।

प्रसिद्ध जर्मन समाजशास्त्री म्याक्स वेबरले शक्तिका स्रोतहरूलाई परम्परागत, व्यक्तित्वपरक (आकर्षक) र वैधानिक गरी तीन वर्गमा बाँडेका छन्। नाइम भन्छन्, यी तीनै वर्गले आफ्नो साख गुमाउँदै छन्। राजनीतिकलगायत सार्वजनिक जीवनका सबै संगठनको केन्द्रीय नेतृत्वमा रहेको शक्तिमा किन ह्रास आइरहेको छ त? पुस्तकका अनुसार शासकीय शक्ति खण्डित छ र खासगरी विगत ३० वर्षयता यो क्रम तीव्र हुँदै आएको छ। शक्तिको खण्डीकरण र क्षयीकरणले राजनीतिक अस्थिरता, सामाजिक उथलपुथल तथा व्यवस्थापकीय प्रभावहीनतालाई निम्त्याउँछ। शासकीय शक्तिको क्षयीकरणले राज्य संयन्त्रको वैधता र नैतिक हैसियतलाई हलुका बनाएको छ। नाइम भन्छन्, कतिपय मुलुकमा यस्तै स्थिति देखिन थालिसकेको छ।

सर्वसाधारणमा के सोचाइ बलियो हुँदै आएको छ भने नेतृत्व तहमा कार्यरत व्यक्ति सामाजिक हित भन्दा व्यक्तिगत हित रक्षा गर्न चाहन्छन्। केन्द्रीकरणले भ्रष्टाचारलाई प्रोत्साहित गर्छ भन्ने मान्यता घनीभूत पनि हुँदैछ। तर शक्तिको खण्डीकरण र क्षयीकरणले अराजकता र अन्योल निम्त्याउन सक्छ। अर्थात्, सत्ता बाहिर रहेकाले कुनै पनि निर्णयको कार्यान्वयन रोक्न वा कमजोर बनाउन त सक्छ, तर तिनले एउटा निश्चित कार्ययोजना लागू गर्न सक्दैनन्। हस्तक्षेप, विरोध र अन्योलमै शक्तिको प्रयोग प्रत्याभूत भइरहेको देखिन्छ।

**शक्तिको खण्डीकरण र क्षयीकरणले अराजकता र अन्योल निम्त्याउन सक्छ। अर्थात्, सत्ता बाहिर रहेकाले कुनै पनि निर्णयको कार्यान्वयन रोक्न वा कमजोर बनाउन त सक्छ, तर तिनले एउटा निश्चित कार्ययोजना लागू गर्न सक्दैनन्। यसको परिणाम सरकार र नीतिनिर्माता अल्पकालीन दृष्टिकोणबाट बढी प्रभावित भई 'कामचलाउ' खालका कार्यक्रममा जोड दिन थाल्छन्।**

यसको परिणाम सरकार र नीतिनिर्माता अल्पकालीन दृष्टिकोणबाट बढी प्रभावित भई 'कामचलाउ' खालका कार्यक्रममा जोड दिन थाल्छन्। यदि भविष्य यस्तो हुने हो भने सामाजिक-राजनीतिक स्थायित्वको परम्परागत धारणामा आमूल परिवर्तन गर्नुपर्ने हुन्छ।

## तीन वटा क्रान्ति

नाइमले शासकीय शक्तिको क्षयीकरण हुन थालेको मिति नै तोक्न खोजेका छन्: ९ नोभेम्बर १९८९ अर्थात् बर्लिनको पर्खाल भत्काइएको दिन। डिसेम्बर १९९० मा बेलायती कम्प्युटर वैज्ञानिक टिम वर्नर्स लीले वर्ल्डवाइड वेभ भनिने इन्टरनेटमा आधारित सूचना स्थलको विकास गरेपछि शासकीय शक्तिमा अर्को धक्का लागेको नाइमको विश्लेषण छ।

यी दुई घटनाले तीन वटा क्रान्तिलाई बढावा दिए जसले गर्दा शासकीय शक्तिको क्षयीकरण शुरू भयो र सो क्रम निरन्तर छ। नाइमले बताएका तीन वटा क्रान्ति अङ्ग्रेजी शब्द 'एम'बाट शुरू हुन्छन्: more (प्रचुरता), mobility (आवतजावतको सुविधा) र mentality (सोचाइमा आएको परिवर्तन)। प्रचुरता, आवतजावतको सुविधा र सोचाइमा आएको परिवर्तनले शक्ति क्षयीकरणको सिलसिला जारी राखेका छन्। प्रचुरताले स्रोत-साधनहरू मात्र होइन मानिसहरूकै संख्या पनि इंगित गर्छ। साधन सम्पन्न मानिसहरूको ठूलो संख्यालाई नियन्त्रणको घेराभित्र बाँधिराख्न सम्भव हुँदैन। यहाँनेर पूर्व अमेरिकी राष्ट्रपति कार्टरका सुरक्षा सल्लाहकार जिग्न्यू ब्रिजिन्स्कीको भनाइ सम्झाउनु उपयुक्त हुन्छ। उनले भनेका थिए, "आजको युगमा मानिसलाई नियन्त्रण गर्नुभन्दा मार्न बढी सजिलो हुन्छ।"

सत्ता टिकाउन सत्ताधारीहरूलाई स्थायी श्रोता आवश्यक पर्छ। तर आवतजावतको सुविधा वृद्धिले गर्दा सत्ताधारीहरूका लागि आफ्नो कुरा सुन्ने 'स्थायी श्रोता' पाउन मुश्किल हुन थालेको छ। श्रोता समुदायमा व्यक्ति परिवर्तन भइरहने हुँदा त्यस्ता समुदायलाई विश्वासमा लिइराख्न नेतृत्वलाई चुनौतीपूर्ण हुने गर्दछ। सन् २०१२ को अमेरिकी राष्ट्रपतिको निर्वाचनमा आप्रवासी मतदाताहरूको निर्णायक भूमिका रहेको वास्तविकता एउटा उदाहरण हो भने हाल सिरियाबाट युरोपतर्फ लागेको शरणार्थीको जनसागर अर्को।

मानिसहरूको सोचाइमा आएको परिवर्तनको प्रभाव टड्कारो नेतृत्वमा पुगेको तप्काको सीमिततामा देखिन्छ। नेतृत्वमा पुगेको कुनै पनि पात्रले जनसाधारणलाई राम्रोसँग के प्रत्याभूति दिन सक्दैन भने उसले तिनले के चाहन्छ/बुझ्केको छ। खासगरी युवा वर्गले कुनै खास सामाजिक वा राजनीतिक मुद्दाबारे कसरी र कस्तो प्रतिक्रिया व्यक्त गर्दछ भन्ने आकलन सजिलो छैन। विकसित मुलुकहरूमा सार्वजनिक संस्थाहरूले भोग्दै गरेको विश्वासको ठूलो संकटले पनि यो नयाँ परिवेश प्रष्ट पार्छ। यी सामाजिक वा राजनीतिक संस्थाहरूको स्थापना एक निश्चित वैचारिक आधारभूमिमा भएको थियो। नयाँ पुस्ताले यस्तो वैचारिक संरचनाभन्दा अन्तर्राष्ट्रिय सामाजिक-राजनीतिक मूल्यहरूलाई बढी रुचाएको देखिन्छ। अर्कोतिर, नयाँ पुस्ताका प्राथमिकताहरू चाँडो-चाँडो परिवर्तन भइरहन्छन् जसले गर्दा सत्तासीनहरू आफूलाई उनीहरूसँग जोडेर राखिरहन सक्तैनन्। परिणामस्वरुप, राष्ट्रिय राजनीतिमै हेर्ने हो भने स्थापित र पुराना दलहरू भन्दा नयाँ, साना र विषयकेन्द्रित दलहरूको लोकप्रियता बढ्न थालेको छ। अर्कोतिर दलको आन्तरिक संरचनामा पनि नवआगन्तुक र 'विद्रोही' हरूको प्रभाव बढेको देखिन्छ।

शक्तिको अवतरण छिटो हुन थालेपछि सत्तासीनहरूको चासो अल्पकालीन नीतिहरूमा केन्द्रित हुन थालेको छ। यसबाट सार्वजनिक नीतिको गुणस्तर नै प्रभावित हुने गर्दछ। राजनीतिक शक्ति खण्डित

र कमजोर हुँदै जानुको फाइदा न्यायिक निकायहरूले लिन थालेका छन्। सार्वजनिक नीतिका महत्त्वपूर्ण पक्षहरूमा अदालतको भूमिका बढ्दो छ। नेपाल यसको ज्वलन्त उदाहरण हो। हाम्रो जस्तो 'कमन ल' को न्यायिक परम्परा भएको मुलुकमा संविधानसभाको म्याद थप्ने वा यसमा रोक लगाउन अदालत बोलेको थियो। नेपाल सरकारले छिमेकी मुलुक भारतसँग गर्न लागेको लगानी/संरक्षण सम्झौता (बिप्पा) लाई रोक्ने सर्वोच्च अदालतको आदेशले सरकारको शक्ति माथि अंकुशको अर्को उदाहरण हो। भारतमा सर्वोच्च अदालतले राष्ट्रपतिको न्यायाधीश नियुक्ति गर्ने अधिकार खोसेर आफैँमा राखेको थियो। यसरी न्यायाधीश नियुक्तिको अधिकार बहालवाला न्यायाधीशलाई नै दिने मुलुक भारत मात्र हो। बेलायतमा पनि सरकारको आतङ्कवादीप्रतिको कठोर व्यवहारलाई अदालतले मानवअधिकारको नाममा चुनौती दिएको पाइन्छ।

शक्तिको अवतरणले निजी क्षेत्र, गैरसरकारी संस्थाहरू र धार्मिक संस्थालाई पनि प्रभाव पारेको छ। निजी क्षेत्रका आर्थिक प्रतिष्ठानहरूमा प्रमुख कार्यकारी अधिकृत पहिलेभन्दा छिटो बदलिने गरेको अनुभव गरिँदैछ। गैरसरकारी संस्थाको नेतृत्वमा पनि यस्तै स्थिति छ। धार्मिक संस्थाहरूमा भने नेतृत्व परिवर्तनभन्दा नेतृत्वको आलोचना बढी हुने गरेको छ। अर्थात्, माथि उल्लेख गरिएका तीन वटा क्रान्तिले यी क्षेत्रहरूलाई पनि छोइसकेको छ।

कार्यक्रम सञ्चालनमा राज्यले बेहोर्नुपर्ने आर्थिक भारले पनि सत्ता-शक्तिलाई कमजोर बनाउँछ। राज्यसंयन्त्र बाहिरका लघु शक्तिहरूको 'मितव्ययिता' लाई राज्यले भेट्न सक्तैन। सेप्टेम्बर ११ मा अलकायदाले अमेरिकामा गरेको आक्रमणमा त्यस संगठनले गरेको एक डलर खर्चको तुलनामा अमेरिकी सरकारले ७० लाख डलर खर्च गर्नुपरेको थियो। फलस्वरूप सरकारहरूको ध्यान परम्परागत ढंगको सैन्य शक्तिभन्दा सामाजिक-सांस्कृतिक शक्ति अर्थात् सफ्टपावरतर्फ लागेको छ। चीनमा कन्फ्युसियसको मान्यता बढेर आउनु यस्तै एउटा संकेत हो।


शक्तिको क्षयीकरण र खण्डीकरणले सबै मुलुक/समाजलाई प्रभाव पारेको छ, तर यसको बढी असर प्रजातान्त्रिक अभ्यास गरिरहेका अर्थात् राजनीतिक संक्रमणमा रहेका मुलुकमा टड्कारो रूपमा देख्न सकिन्छ। यस्ता मुलुकको नेतृत्व पंक्ति प्रायः अधिनायकवादप्रति आशक्त देखिन्छन्। माथि उल्लिखित तीन क्रान्तिको असर पर्दै गरेको सन्दर्भलाई आत्मसात् गर्न नसक्दा राजनीतिक नेतृत्व र सामाजिक शक्तिका बीच ठूलो खाडल देखिन्छ। नाइम राज्यशक्ति वा ठूला औद्योगिक/व्यापारिक घराना वा धार्मिक संस्थासँग रहेको शक्ति निर्मूल नै भइसक्यो भन्ने दाबी गर्दैनन्। तर यी शक्तिको प्रयोगमा थुप्रै प्रकारका अंकुश लागेकाले नेतृत्वको प्रभावकारिता सीमित हुने गरेको तर्क उनको छ।

## चुनौती पनि, अवसर पनि

शक्ति अवसानका सकारात्मक तथा नकारात्मक दुवै पाटा छन्। एकातिर अवसानले सहभागितात्मक शासनप्रणाली र नवप्रतिभाहरूको कदर गर्न प्रोत्साहित गर्छ भने अर्कोतिर राजनीतिक निर्णय प्रक्रियामा 'भिटोतन्त्र' (निर्णय लिन नसकिने तर यसलाई रोक्न सकिने व्यवस्था) को प्रभाव बढाई राजनीतिक पक्षघात जन्माउन सक्छ। यसमा फेसबुक र ट्वीटर जस्ता सस्ता र सुलभ सूचना सामग्रीको प्रयोगद्वारा सामाजिक आन्दोलनको अवमूल्यन हुने जोखिम हुन्छ। कल्पनाशीलता र नव-प्रवर्तनका माध्यमबाट यस्ता जोखिम घटाई शक्तिको अवसानलाई अवसरका रूपमा उपयोग गर्न नाइमले पुस्तकमा मननीय सुझाव प्रस्तुत गरेका छन्। शक्तिबारेको दृष्टिकोणमा परिवर्तन आउनुपर्ने उनको सुझाव छ। नाइमका अनुसार शक्तिको विश्लेषण गर्दा अति सरलीकरण (ओभर सिम्प्लिफिकेसन) गरिनुहुँदैन। यसलाई कुनै निश्चित संगठनको तह (हाइर्‍यार्की) भित्र मात्रै राखेर हेर्न मिल्दैन। व्यावहारिक स्तरमा सरकार र यसका निकायमा विश्वास जगाउने कार्यक्रम सञ्चालन गर्नुपर्छ। राजनीतिक सहभागिता बढाउने र राजनीतिक दलहरूको सुदृढीकरणमा पनि जोड दिनुपर्ने हुन्छ। नेपालको राजनीतिक वृत्तमा नाइमको *'दि इण्ड अफ पावर'* नामक पुस्तक अनिवार्य पाठ्यसामग्री बन्नुपर्छ।

***घिमिरे साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) का कार्यकारी निर्देशक हुन्।***

# *एडिटर अनप्लग्ड :* विनोद मेहताको बकपत्र




**पुस्तक :** *एडिटर अनप्लग्ड : मिडिया, म्याग्नेट्स, नेताज एण्ड मि*
लेखक : विनोद मेहता
प्रकाशक : पेन्गुइन, इन्डिया, २०१४
पृष्ठ : २८१
मूल्य : ११.०८ डलर
ISBN: 9780670086498

**समीक्षक : शेखर खरेल**

सन् २०१५ को ८ मार्च अनौठो संयोगको दिन रह्यो। टर्किस एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गमा फसेको चौथो दिन विमानस्थल खुलेपछि बहुप्रतीक्षित पाकिस्तान भ्रमणले आकार लिँदै थियो। नेपाल र पाकिस्तानबीच सीधा हवाई सम्पर्क नरहेकाले दिल्ली-अमृतसर हुँदै वागा बोर्डर काटेर लाहोर, इस्लामावाद र रावलपिण्डी जाने सिलसिलामा अध्यागमन मात्र के कटेको थिएँ, मित्र शरद प्रधानको फोन आएपछि म निकै झस्किएँ। आफू रावलपिण्डी जान लागेकै वेला, सन् १९४२ को मे ३१ का दिन त्यहीं जन्मिएर लखनऊ रहेका एक मनिषीले त्यसै दिन अन्तिम श्वास फेरेको खबर प्रधानले सुनाएका थिए। पत्रकारिता र लेखनको माध्यमबाट छुट्टै इतिहास र मानक बनाएका भारतका विख्यात पत्रकार विनोद मेहताले हामीबीचबाट केही समयअघि मात्र विदा लिएका रहेछन्। उनको ठूलो प्रशंसक भएको तथ्यबारे जानकार प्रधान मलाई त्यो दुःखद् समाचार सुनाइरहेका थिए।

मेहताको आत्मवृत्तान्त *'लखनऊ ब्वाय'* को प्रभावका कारण मैले उनको पछिल्लो कृति *'एडिटर अनप्लग्ड'* केही समयअघि मात्र पढिसकेको थिएँ। सन् २०१४ को अन्त्यतिर प्रकाशित *'एडिटर अनप्लग्ड : मेडिया, म्याग्नेट्:, नेताज एण्ड मी'* को समीक्षा गर्ने सोचमै रहेको वेला मेहताको निधन भएको थियो। फुट्ट पढ्दा *'एडिटर अनप्लग्ड'* त्यसअघिको कृति *'लखनऊ ब्वाय'* को सिक्वेल (शृङ्खला लेखन) जस्तो लागे पनि दुई कृतिबीच आधारभूत भिन्नता छ। जस्तो कि, पहिलो कृति आत्मवृत्तान्त भएकाले व्यावसायिक जीवनको चर्चासँगै उनले निजी कुरा पनि उजागर गरेका छन्। तर, *'एडिटर अनप्लग्ड'* मा यस जीवनका केही प्रसंग मिसिए पनि उनको जोड पत्रकारिता, राजनीति र सामाजिक आमवृत्तमाथि ज्यादा देखिन्छ। जीवनभर प्रकाशकहरूसँग सम्झौता नगरेका मेहता आफ्नै पेशागत विरादरी अर्थात् पत्रकारसँग पनि कठोर रहे। नीरा राडिया नामकी एक विचौलियाले टाटा समूहका तत्कालीन अध्यक्ष रतन टाटा, केन्द्रीय सरकारका तत्कालीन सञ्चारमन्त्री ए राजा, स्थापित पत्रकार वीर सांघवी, वर्षा दत्ता आदिसँग गरेको 'फिक्सिङ' को टेलिफोन वार्ता *'आउटलुक'* मार्फत सार्वजनिक गरेपछि भारतीय राजनीति र सञ्चारमा सनसनी मच्चिएको थियो। '२ जी स्काम' का नामले चर्चित त्यो टेलिफोन टेप काण्डपछि मेहताले आफ्नो विरादरीभित्र शत्रु मात्र कमाएनन्, *'आउटलुक'* पत्रिकालाई टाटा समूहबाट प्राप्त भइरहेको वार्षिक ६ करोडको विज्ञापन पनि गुमाए। आफूले त्यो टेप वार्ता सार्वजनिक गर्दैछु भन्ने जानकारी उनले *'आउटलुक'* का प्रकाशक राजन रहेजासम्मलाई दिएका थिएनन्। 'व्यक्तिगत तथा व्यावसायिक जीवनमा किन त्यत्रो जोखिम मोल्नुभयो' भनी मैले २०१२ को सेप्टेम्बरमा काठमाडौंमा भेट हुँदा प्रश्न गरेको थिएँ। उनी नेपाल लिटरेचर फेष्टिबलमा अतिथिका रूपमा काठमाडौं आएका थिए। त्यतिवेला उनले सहज उत्तर दिएका थिए, 'मैले त्यो कुरा राजनलाई भनेको भए एकपल्ट रतन टाटासँग स्पष्ट गर भन्ने थिए। उता, रतनले पनि त्यो सामान्य कुराकानी हो भनेर नछाप्न दबाव दिन सक्थे। अन्ततः त्यो समाचार तुहिन सक्थ्यो। यदि मैले त्यो सूचना मारेको भए म राम्ररी सुत्न सक्ने थिइनँ। त्यसभन्दा पनि बढी म आफूले आफैंलाई कहिल्यै माफ गर्ने थिइनँ।'

मेहताको पत्रकार र नेताहरूबीच 'घनिष्ट' सम्बन्ध हुनुहुँदैन भन्ने मान्यता थियो। पुस्तकका तीन अध्याय 'नीरा राडिया एण्ड द आर्ट अफ लविइङ', 'द रतन टाटा प्रोब्लम' र *'कर्पोरेट्स एण्ड द मिडिया'* मा उनले नेताहरूसँगको सहज पहुँचका कारण पत्रकार कुन हदसम्म 'फिक्सर' बन्न सक्छन् भन्ने चर्चा गरेका छन्। साथै, राजनीतिज्ञ, व्यापारी र विचौलिया पत्रकारबीचको 'भिसियस साइकल' (दुष्चक्र) को चिरफार पनि गरेका छन्। मेडियाको कर्पोरेटीकरण सँगसँगै विज्ञापनका नाममा पत्रकारितामाथि कर्पोरेट हावी भएको उनको तर्क छ। पत्रकारितालाई स्वच्छ, निष्पक्ष र लोकतन्त्रको पहेरदारको भूमिकामा निरापद काम गर्ने वातावरण बनाउन कुनै पनि पत्रिका व्यापारिक घरानाभन्दा पनि ट्रस्ट मातहत सञ्चालन हुनुपर्ने उनको मान्यता छ। ट्रस्टअन्तर्गत रहेकैले भारतका *'इकोनोमिक एण्ड पोलिटिकल विक्ली'* र *'चण्डीगढ ट्रिव्युन'* अनि बेलायतको *'गार्जियन'* आदिले पत्रकारिताको धर्म राम्रो अर्थमा निर्वाह गर्न सकेको मेहताको ठम्याइ छ।

लेखकीयसहित गन्दा १४ अध्याय रहेको *'एडिटर अनप्लग्ड'* को प्रारम्भ मेहताले 'वाकिङ इन टू द सनसेट' बाट गरेका छन्, जसमा उनले आफ्नो लामो पत्रकारिताको जीवनलाई फर्केर हेर्दै वस्तुपरक सिंहावलोकन गरेका छन्। *'डेवोनियर'* बाट प्रारम्भ भएको उनको करिअर *'सण्डे अब्जर्भर'*, *'दी इण्डियन पोष्ट'*, *'दी इन्डिपेन्डेन्ट'*, *'पायोनियर'* हुँदै *'आउटलुक'* सम्म आइपुग्दा र *'आउटलुक'* बाटै सक्रिय पत्रकारिताबाट अवकाश लिंदासम्म परिवर्तनशील मेहताको जीवनमा एउटा कुरा अपरिवर्तनीय रह्यो, उनी आजन्म सम्पादक रहे। अवकाशपछिको 'वानप्रस्थ काल' जसलाई शिष्ट र औपचारिक भाषामा अंग्रेजीमा 'सनसेट करिअर' भनिन्छ; मेहताका लागि बाध्यताभन्दा पनि रोजाइको जीवन भएको 'वाकिङ इन टू सनसेट' पढ्दा प्रष्ट हुन्छ। यसका दुई कारण पहिल्याउन सकिन्छ। पहिलो, उनकै शब्दमा 'एउटा सम्पादकको रूपमा उनको मूल मिसन प्रतिभाशालीलाई हुर्कने वातावरणको सिर्जना गर्नु थियो।' उनले आफूभन्दा धेरै कनिष्ट तर प्रतिभाशाली पत्रकार कृष्णप्रसादलाई *'आउटलुक'* को सम्पादकत्व सुम्पेर अवकाश लिएका थिए। दोस्रो र सबैभन्दा महत्त्वपूर्ण कारण उनी आजका दिनमा विना मेरुदण्डका बजारु सम्पादकको चुरीफुरीबाट वाक्कदिक्क भइसकेका थिए। खुशवन्त सिंह, गिरिलाल जैनहरू जस्ता स्वाभिमानी र फलामको चिउरा चपाउने सम्पादकबाट प्रभावित मेहता हिजोआजका सम्पादक प्रकाशकका लाचार छायाँ मात्र हुने धारणा पाल्थे। शायद यसै कारणले पनि हुनसक्छ उनले आफ्नो कुकुरको नाम पनि एडिटर (सम्पादक) राखेका थिए। आफ्नो अवकाशलाई उनले पुष्टि गर्दै पुस्तकमा लेखेका छन्, "यस्तो समय जसमा धेरैभन्दा धेरै प्रोप्राइटर, जस्तै अभिक सरकार *(दी टेलिग्राफ)*, शोभना भारतीया *(हिन्दूस्तान टाइम्स)*, केएन तिलककुमार *(डेकन हेराल्ड)*, एन रवि *(दी हिन्दू)* आधिकारिक रूपमै सम्पादकको हैसियतमा काम गरिरहेका हुन्छन्, मैले प्रतिनिधित्व गर्ने सम्पादक भन्ने जीव लोपोन्मुख नभए के हुन्थे र? त्यसैले मेरो अस्ताचलतिरको प्रस्थान विल्कुलै सामयिक छ।"

**पत्रकार र नेताहरूबीच 'घनिष्ट' सम्बन्ध हुनुहुँदैन भन्ने मेहताको मान्यता थियो। उनी पत्रकारितालाई स्वच्छ, निष्पक्ष र लोकतन्त्रको पहरेदारको भूमिकामा निरापद काम गर्ने वातावरण बनाउन कुनै पनि पत्रिका व्यापारिक घरानाभन्दा पनि ट्रस्ट मातहत सञ्चालन हुनुपर्छ भन्थे।**

## मन परेका ६ अनुहार

स्वाभाविकै हो; मानिसलाई कुनै मानिस मन पर्न, कुनै मन नपर्न पनि सक्छ। *'एडिटर अनप्लग्ड'* को 'सिक्स पिपल आइ एड्मायर' अध्यायमा आफूलाई मनपर्ने ६ व्यक्तिबारे मेहताले लेखेका छन्। स्क्रिप्ट राइटर तथा निर्देशक ख्वाजा अहमद अब्बास, लेखक रस्किन बन्ड, क्रिकेटर सचिन तेन्दुलकर, हास्यअभिनेता जोनी वाकर, लेखक-पत्रकार खुशवन्त सिंह र लेखिका एवं अधिकारकर्मी अरुन्धती रोयलाई मन पराउनुका कारण उनले खुलेरै विस्तार गरेका छन्। सामाजिक उद्देश्यसहितका चलचित्र निर्माण निर्देशन गर्ने राज कपुरका समकालीन अहमद अब्बास बारम्बार टाट पल्टँदा-पल्टँदै पनि बजारसँग सम्झौता गर्दैनन्। यसैगरी मसुरी; भारतमा बसोबास गर्ने अंग्रेजी लेखक रस्किन बन्डलाई मन पराउनुको पछाडि उनको दयालुपना मात्र नरहेको लेख्दै मेहता कारण खुलाउँछन्, "म उनलाई मन पराउँछु, किनकि मैले चिनेका मानिसमध्ये उनी मात्र यस्ता व्यक्ति हुन्, जो आरिस गर्दैनन्। आजसम्म पनि मैले रस्किनले कुनै जीवित वा मृत व्यक्तिको निन्दा गरेको सुनेको छैन।" क्रिकेटर सचिन तेन्दुलकरको व्यावसायिकता तथा शालीनताबाट मेहता

प्रभावित देखिन्छन् । यसैगरी बस कन्डक्टरबाट हास्य अभिनेतामा रूपान्तरित जोनी वाकरको विनोदप्रियता अनि सरलपनाले मेहतालाई आकर्षित गरेको छ ।

आफ्ना मनपर्ने ६ पात्रमध्ये अरुन्धती रोयको बौद्धिकताका मेहता प्रशंसक हुन् । पहिलो उपन्यास *'गड अफ स्मल थिंग्स'* बाट नै म्यान बुकर पुरस्कार पाएर साहित्यकारको अन्तर्राष्ट्रिय छवि बनाएकी रोयलाई अखबारी लेखनमा आमन्त्रण गर्ने उनै हुन् । छोटा-छोटा टिप्पणीले भरिने *'आउटलुक'* मा रोयका आठ-दश हजार शब्दका विचार आउन थालेपछि त्यसलाई स्थान दिन मेहताको टीमलाई हम्मेहम्मे पर्थ्यो। धेरैको टिप्पणी पनि हुन्थ्यो, आजको व्यस्त जीवनमा १०औं हजार शब्द लामो लेख पढ्ने फुर्सद कसलाई होला ? तर, रोयमाथिको उनको भरोसा साँचो प्रमाणित भइदियो। उनका ओजपूर्ण लेख पाठकले रुचिका साथ पढ्थे, जतिसुकै लामा किन नहोऊन् ।

मेहताले सबैभन्दा बढी प्रेम खुशवन्त सिंहमाथि खन्याएका छन्। उनले सिंहको 'साहस' बाट आफू प्रभावित भएको बताउँदै सबै विवरण पेश गरेका छन् । *'एडिटर अनप्लग्ड'* प्रकाशित हुनुपूर्व सिंहको देहान्त (२० मार्च २०१४) भए पनि मेहताले सिंहको सम्मानमा उनी बाँचुन्जेल शब्दहरू खर्चिनै रहे र आजन्म प्रशंसक रहे । उता सिंह पनि मेहताका राम्रै प्रशंसक थिए । मेहताको आत्मकथा *'लखनऊ ब्वाय'* को खुलेर प्रशंसा गर्दै सिंहले *'हिन्दुस्तान टाइम्स'* को स्तम्भमा लेखेका थिए, 'उनको आत्मकथा अन्य कुनै भारतीयको भन्दा पठनीय छ, किनकि भारतीयहरू आत्ममुग्धता मन पराउँछन् र पुस्तक पठनीय बनाउँदैनन् । तर, विनोद भारतीय पत्रकारितामा आफूले अनेकौं उपलब्धि हासिल गरिसकेका भए पनि विनम्र छन् र आफैंलाई व्यङ्ग्य गर्न सक्छन् । 'सिंह मेहताको जति बौद्धिकताका प्रशंसक थिए, त्यति नै उनको मानवीय गुणको ।

### केजरीवाल र मोदी

भारतमा आज यी दुवै पात्र सत्ताको राप र तापमा छन् र उनीहरूमाथि अन्तिम पर्दा खसिसकेको छैन । त्यसैले शिला दीक्षित वा अटलबिहारी बाजपेयी जस्तै अरविन्द केजरीवाल र नरेन्द्र मोदीको मूल्यांकन अहिले नै गरिहाल्नु अपरिपक्व हुनेछ । तर पनि मेहताले केजरीवाल र मोदीमाथि एक-एक अध्याय खर्चेर उनीहरूको 'असलियत' चिहाउने प्रयास गरेका छन् । 'अरविन्द केजरीवाल : फ्रम हिरो टु नियर्ली जिरो ?' मा मेहताले केजरीवाल आफ्नो राजनीतिक जीवनको गोधूलितिर आइपुगेको आकलन गरेका थिए । तर, *'एडिटर अनप्लग्ड'* प्रकाशनलगत्तै केजरीवालले मेहताको आकलनलाई मिथ्या सावित गरिदिए। दिल्ली विधानसभाको निर्वाचनमा कुल ७० सीटमध्ये ६७ सीट जितेको आम आदमी पार्टीको परिणाम मेहताले आफू जिउँदो छँदै देखे । २०१३ को डिसेम्बरमा दिल्ली विधानसभा निर्वाचनमार्फत अल्पमतको सरकारका मुख्यमन्त्री बनेका केजरीवालले एकपछि अर्को गलत राजनीतिक चाल चालेको ठम्याइ मेहताको थियो । तर, त्यसभन्दा पनि पर, केजरीवाल 'पपुलिस्ट' र उपयोगितावादी रहेको उनको मूल्यांकन छ । केजरीवालको चरित्र विनम्रताको आवरणमा ढोंग र एकाधिकारवादी जस्ता दृष्टान्तहरू उनले पुस्तकमा पेश गरेका छन् ।

*'एडिटर अनप्लग्ड'* को अन्तिम अध्याय 'अन्डरस्ट्यान्डिङ नरेन्द्र मोदी' सम्भवतः पुस्तकको सबैभन्दा रोमाञ्चक खण्ड हो, जसमा लेखकले भारतीय प्रधानमन्त्री मोदीको चरित्र चित्रण गर्ने प्रयास गरेका छन् । गुजरातमा लगातार चार पटकसम्म भारतीय जनता पार्टीलाई विजय दिलाएर मुख्यमन्त्री बनेका मोदीले यस दौरान 'मोदी मिथ' को निर्माण गरेकाले मेहता त्यो मिथलाई चिर्न वा विनिर्माण गर्न चाहन्छन्, तर त्यो प्रयास दुरुह देखिन्छ । सन् २००७ मा *'आउटलुक'* की वरिष्ठ संवाददाता सवा नक्वीलाई नरेन्द्र मोदी एक व्यक्तिका रूपमा कस्ता छन्, प्रोफाइलिङको मिसनमा खटाइन्छ। तर उनी मोदीसम्म पुग्ने कुनै सूत्र फेला पार्न सक्दिनन्। 'मैले मोदीसँग व्यक्तिगत वा आत्मीय सम्बन्ध बनाएको छु भन्ने एक जना पनि भेट्न सकिनँ', आफ्नो मिसन असफल हुन थालेपछि नक्वीले सम्पादक मेहतालाई रिपोर्ट गरेकी थिइन् । 'राष्ट्रपति र प्रधानमन्त्रीहरूलाई चौबीसै घण्टा रुलमल्ल प्रकाशका मुन्तिर बस्नुपर्ने हुन्छ। पत्रकारका आँखा उनीहरूमाथि खनिएकै हुन्छ', मेहता मोदीको रहस्यवादितामाथि विस्मात गर्छन्, 'तर, नरेन्द्र मोदीले कसरी यी सबै कुराहरू छोपेर राखिराखेका होलान्? मतदातालाई उनका बारे वास्तवमा केही पनि थाहा छैन। उनका परिवार, शिक्षा, सोख, खानाका रुचि, साथी-संगती अनि उनका कुकुर (यदि त्यस्तो कुनै रहेछ भने), लाई राज्यकै गोप्यता जैं गरी छोपेर राखिएको छ।' मोदी रहस्यबारे अवाक् हुँदै अन्त्यमा उनी लेख्छन्, 'मैले अब भन्न सक्ने यति नै हो, हाम्रा प्रधानमन्त्री एक छेपारो हुन्, बिल्कुल एउटा जटिल व्यक्तित्व ।'


यसैगरी 'दी डाइनास्टी' त्यति नै रोमाञ्चक र सुरुचिपूर्ण अध्याय हो *'एडिटर अनप्लग्ड'* को । यो अध्याय मेहताले नेहरू-गान्धी परिवारको वंश परम्परामाथि खर्चेका छन् । अनि यो अध्याय रोमाञ्चक हुनुको खास कारण इन्दिरा गान्धीका छोरा सञ्जय गान्धीको राजनीतिक महत्त्वाकांक्षा र उनकी पत्नी मेनुकाको सासू इन्दिरासँगको अवसादपूर्ण सम्बन्ध हो। मेहताले कुनै वेला सञ्जय गान्धीको जीवनी लेखेका कारण पनि उनले गान्धी परिवारका धेरै रहस्य उद्‌घाटित गरेका छन् । सञ्जयको सनकी व्यवहार चित्रण गर्ने ब्रेकफास्टको एउटा प्रसंग रोचक छ । राजीवकी इटालियन पत्नी सोनियाले पकाएको अम्लेट चित्त नबुझ्दा सञ्जयले अम्लेटको प्लेट नै फ्याँकिदिएको किस्सा मेहताले रोमाञ्चक पारामा वर्णन गरेका छन्। सञ्जयको असामयिक निधनपछि उनकी पत्नी मेनुका र प्रधानमन्त्री सासू इन्दिराबीचको तँ-तँ र म-म को घरेलु रुगडाको किस्सा पनि पुस्तकमा आधिकारिक रूपमा समेटिएको छ। इन्दिरा, सञ्जय र राजीव तीनै जनाको निधनपछि कसले वंश परम्परा धान्न सक्छ त भन्ने सवालमा मेहता सोनियामा व्यक्तिगत पदको आकांक्षा देख्दैनन् । 'उनी छोराका लागि कुर्सी न्यानो पारिराख्ने आमा मात्र हुन्', मेहताको विश्लेषण छ, 'यदि राहुलसँग कसैले तिमीसँग के त्यस्तो कुरा छ भनेर सोध्यो भने उनले अमिताभ बच्चनको प्रसिद्ध संवाद दोहोऱ्याउलान्, मेरी पास माँ है (मसँग आमा छिन्) ।'

विनोद मेहताको महाप्रस्थानअघिको *'एडिटर अनप्लग्ड'* पाठकका लागि अनुपम कोसेली हो। भारतको राजनीति, पत्रकारिता र समाज चिहाउन सकिने यो एउटा आँखीझ्याल हो । उनको आग्रहविहीन वस्तुपरक लेखन र सुरुचिपूर्ण शैलीले पुस्तक पठनीय बनाएको छ। 📖

***समीक्षक खरेल साहित्य र समाजको सम्बन्ध केलाउँछन् ।***

**खुशवन्त सिंह, गिरिलाल जैनहरू जस्ता स्वाभिमानी र फलामको चिउरा चपाउने सम्पादकबाट प्रभावित मेहता हिजोआजका सम्पादक प्रकाशकका लाचार छायाँ मात्र हुने धारणा पाल्थे । शायद यसै कारणले पनि हुनसक्छ उनले आफ्नो कुकुरको नाम पनि एडिटर (सम्पादक) राखेका थिए ।**

# जलवायु परिवर्तन नकार्नेहरू




**पुस्तक : *दिस चेन्जेज एभ्रिथिङ : क्यापिटालिज्म भर्सेज द क्लाइमेट***
लेखक : नाओमी क्लाइन
प्रकाशक : पेन्गुइन बुक्स इन्डिया, २०१४
पृष्ठ : ५७६
मूल्य : ९.५३ डलर
ISBN: 978 – 1- 946 – 14506 – 3

**समीक्षक : ईश्वरराज वन्त**

विश्व जलवायु परिवर्तनका मुद्दा नाओमी क्लाइमको पुस्तकको विषय हो। प्रगतिशील झुकाव राख्ने क्यानडेली लेखिका नाओमी कर्पोरेट पूँजीवादको प्रखर आलोचक हुन्। प्रस्तुत पुस्तक उनको चौथो कृति हो। पुस्तकमा लेखिका भन्छिन्, "नवउदारवाद बजार अतिवादको आधिपत्यले जलवायु परिवर्तनलगायत वातावरण सुरक्षाका लागि गर्नुपर्ने चुनौतीमा तात्त्विक सुधार हुनसकेको छैन।" शीर्षकले इंगित गरे जस्तै पुस्तकले जलवायु परिवर्तन पूँजीवादको परिणति हो भनेको छ। पूँजीवाद र जलवायु परिवर्तन संघर्षको अवस्थामा छन्। नाओमी जलवायु परिवर्तनलाई परिवर्तनको वाहकका रूपमा नलिने गरिएको बताउँदै भन्छिन्, "जलवायु परिवर्तनले या त विश्व सभ्यता पूर्ण रूपमा ध्वस्त हुनेछ या हामी सम्पूर्ण रूपमा परिवर्तित बनेर यो चुनौती समाधान गर्नेछौं।"

## विमानस्थलको घटना

संयुक्त राज्य अमेरिकाको राजधानी वासिंटन डीसीमा भएको एउटा घटनाबाट पुस्तकको आरम्भ हुन्छ। त्यस दिन अमेरिकन एयरवेज उडान नं. ३९३५ तयार थियो तर समयमै उड्न सकेन, किनभने धावनमार्गतर्फ विमान आफैं गुड्न सकेन। प्रचण्ड गर्मीका कारण पग्लिएको कालोपत्रेमा विमानको चक्का करीब ४ इन्च भासिएको थियो। चालकले यात्रुलाई आफ्ना हाते झोला लिएर जहाजबाट उत्रन अनुरोध गरे। ३५ यात्रु निस्किएपछि विमानको तौल केही कम भयो तर पनि पाङ्ग्रा बाहिर ननिस्किएका कारण हवाईजहाज गुड्न सकेन। तीन घन्टापछि सो विमानलाई अर्को शक्तिशाली वाहनले तानेपछि मात्रै पाङ्ग्रा बाहिर निस्कियो र विमान गन्तव्यतर्फ उड्यो।

सन् २०१२ को त्यो गृष्म ऋतुमा तापक्रम बढेकाले प्रचण्ड गर्मी थियो। अमेरिकन एयरवेजका यात्रुले भोगेको उक्त घटनालाई लेखिका नाओमी जलवायु परिवर्तनसँग जोड्छिन् र भन्छिन्, "विमान सेवाले प्रयोग गर्ने खनिज इन्धनको दोहन जलवायु परिवर्तनको एउटा मुख्य कारण हो। तथापि खनिज इन्धनको प्रयोग रोकिने छाँटकाँट छैन। आम सञ्चारमाध्यमले पनि त्यस घटनालाई जलवायु परिवर्तनसँग जोडेर समाचार बनाउन सकेनन्।"

खनिज तेलको दोहनले मानवको अस्तित्व खतरामा परिरहेको तथ्य जाहेर हुँदाहुँदै पनि हाम्रा सम्पूर्ण संस्कृति त्यसको दोहनपट्टि नै अग्रसर छन्। स्रोतको उच्च उपभोग गरी जीवनयापन गर्न हामीले छाडेका छैनौं। यो संस्कारलाई नाओमी हवाई उडान नं. ३९३५ सित तुलना गर्छिन् र भन्छिन्, "हवाईजहाजको पाङ्ग्रालाई ठूलो र बलियो वाहनले तानेर निकाले जस्तै ठूला-ठूला मेसीन प्रयोग गरेर विश्वभरि खनिज तेल निकाल्ने क्रम जारी छ।" क्यानडाको अल्बर्टा राज्यमा निकालिने अलकत्रा, समुद्री गहिराइबाट निकालिने खनिज तेल, हाइड्रोलिक फ्याकिङबाट निकालिने ग्याँस र जमीन खनेर निकालिने कोइला यसका उदाहरण हुन्। जलवायु परिवर्तन भइरहेको जान्दाजान्दै पनि 'त्यस्तो केही भएकै छैन' भन्ने तप्का उत्तिकै सक्रिय छ। राजनीतिक शक्ति र रकमको हिसाबले बलियो पनि छ यो। नाओमी भन्छिन्, "खुला अर्थतन्त्रका पक्षधर पूँजीवादी शक्तिले जलवायु परिवर्तन भएको छैन भन्ने आन्दोलनलाई मलजल गर्छन्। खनिजजन्य तेल र कोइला ऊर्जामा लगानी गरेका ठूला निवेशकर्ता र बहुराष्ट्रिय कम्पनीहरू जलवायु परिवर्तन भएको छैन भन्ने आन्दोलनलाई प्रायोजित गर्न लागेको स्पष्टै देखिन्छ। संयुक्त राज्य अमेरिकाको रिपब्लिकन पार्टीको दक्षिणपन्थी धार पनि यसै तप्कामा पर्छ।"

## जलवायु नकार्नेहरू

नाओमी क्लाइनका अनुसार अमेरिकाको शिकागोस्थित स्वतन्त्र र खुला बजार प्रवर्तक *द हर्टल्यान्ड इन्स्टिच्युट* जलवायु परिवर्तन भएको छैन भन्ने आन्दोलनमा अगाडि छ। सो इन्स्टिच्युटले जलवायु परिवर्तनलाई दृढ रूपमा नकार्नेलाई स्थान र बोल्ने मौका प्रदान गर्छ। संयुक्त राष्ट्रसंघले आयोजना गर्ने इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज (आइपीसीसी) जस्तै सुनिने इन्टरनेशनल कन्फ्रेन्स अन क्लाइमेट चेन्ज (आईसीसीसी) सम्मेलनको आयोजना हर्टल्यान्ड इन्स्टिच्युटले गर्छ। सन् २०११ को छैटौं आईसीसीसी सम्मेलनमा सबैजसो वक्ताले जलवायु परिवर्तनको धज्जी उडाउँदै भनेका थिए, "जलवायु परिवर्तन अमेरिकी जनताको स्वतन्त्रता, अर्थतन्त्र र पश्चिमी जीवन पद्धतिविरुद्ध चलेको उग्रवामपन्थीको षडयन्त्र हो। यो षडयन्त्र अमेरिकी पूँजीलाई पुन: वितरण गर्ने उद्देश्यले प्रेरित छ।"

हर्टल्याण्ड इन्स्टिच्युटसँग आवद्ध वक्ताहरू विभिन्न माध्यम प्रयोग गर्दै जलवायु परिवर्तन वाहियात् भनी पुष्टि गर्छन्। यिनीहरू 'रिस्टोरिङ द साइन्टिफिक मेथड' भन्दै वैज्ञानिक तथ्यलाई नकार्दै जनमानस प्रभावित गर्ने गर्छन्। सन् २००७ मा गरिएको एउटा मत सर्वेक्षणमा ७१ प्रतिशत अमेरिकीले खनिज तेल बाल्नाले विश्वको तापक्रममा असर गर्ने बताएका थिए। तर नकार्नेहरूको प्रभावले गर्दा चार वर्षपछि सन् २०११ मा गरिएको सर्वेक्षणमा ४४ प्रतिशतले मात्र तापक्रममा असर गरेको बताएका थिए। हिजोआज यो प्रतिशत फेरिकेही बढेको देखिन्छ।

नाओमीको भनाइमा हार्टल्यान्डरहरू शक्तिशाली बहुराष्ट्रिय कम्पनीहरूबाट सञ्चालित छन्। उनीहरूलाई के थाहा छ भने आईपीसीसीले दशकौंदेखि गरेको अनुसन्धान र तिनले देखाएको अकल्पनीय नकारात्मक असरलाई चुनौती नदिने हो भने ठूला-ठूला कम्पनीले आफ्ना क्रियाकलाप बन्द गर्नुपर्ने हुन्छ। उनीहरूलाई थाहा छ खनिज तेल पदार्थमा आधारित विश्व अर्थतन्त्र र बजार संरचना परिवर्तन गरेर मात्र समस्या समाधान हुँदैन। अपितु रूपान्तरण

हुने खालका कदम चाल्नुपर्छ जसले प्रदूषण वृद्धि गर्ने क्रियाकलाप पूर्णरूपले बन्द गर्दै प्रदूषणरहित विकल्पलाई ठूलो अनुदान खोज्छ। यस्ता नयाँ कार्य हुन्-प्रदूषण गर्नेलाई दण्डको व्यवस्था, नयाँ करको प्रयोग, सार्वजनिक हितका लागि नयाँ योजना कार्यान्वयन र निजीकरण उल्टचाउने कार्य व्यापक आकार-प्रकारको हुनुपर्छ। निश्चय नै यस्ता क्रियाकलापबाट शक्तिशाली कम्पनीहरूलाई ठूलो असर पर्छ। एकथरी भन्छन्, "जलवायु परिवर्तनको निदान, उद्योग विकास विरुद्ध नीतिगत रूपमा उभिएको देखिन्छ।"

## विश्व समता

वायुमण्डललाई मनुष्य मात्रको स्रोत मान्ने हो भने यसको प्रयोगबारे समतामूलक अधिकार कसरी प्रत्याभूत गर्ने ? यही हो जलवायु परिवर्तनको राजनीतिमा निरन्तर उठ्ने प्रश्न। समताको विषय महत्त्वपूर्ण छ र वायुमण्डल सम्झौतामा यो सवाल बारम्बार उठ्छ पनि। मूलत: औद्योगिक क्रान्तिपछि कोइला र तेल जस्ता इन्धनको प्रयोग बढ्न थाल्यो र दुई शताब्दी अघिदेखि उत्सर्जन भई जम्मा भएको हरितगृह ग्याँसका कारण नै विश्व तापक्रम बढेको हो। तापक्रमको प्रभाव हरितगृह ग्याँस नगण्य उत्सर्जन गर्ने राष्ट्रहरूमा परिरहेको छ। नाओमी भन्छिन्, "द्रुत गतिमा विकास गरिरहेका चीन र भारतभन्दा उत्तर अमेरिका र युरोपेली राष्ट्रहरूले उत्सर्जन कम गर्ने मुख्य दायित्व लिनुपर्छ। यो नै समानस्तरको समाधानको बाटो हो।" तर हर्टल्यान्डरहरू समतामूलक सिद्धान्तको विरोधमा छन्। उनीहरू आफ्नो आन्दोलनलाई युद्धको संज्ञा दिन्छन् र आफ्ना क्रियाकलाप जारी राख्छन्। जलवायु पविर्तनका मुद्दा उठाउनेलाई वामपन्थी र कम्युनिस्ट एवं केन्द्रीकृत योजनाद्वारा 'समाज कब्जा गर्न खोज्नेहरूको जमात' बताउँछन्। नाओमीका अनुसार जलवायु परिवर्तन सम्बन्धी यथार्थ नकार्न उक्साउने आन्दोलनका लागि प्रति वर्ष ९० करोड डलरभन्दा बढी रकम खर्च हुने गर्छ।

हार्टल्यान्डरहरूले एक्सोन मोबिल जस्ता तेल कम्पनीबाट आर्थिक सहयोग पाएको विवरण पुस्तकमा उल्लेख छन्। भर्खरै प्राप्त समाचार अनुसार एक्सोन मोबाइलमा कार्यरत केही कामदारलाई खनिज तेलको प्रयोगले जलवायु परिवर्तन गर्दैछ भन्ने ज्ञान सन् १९७७ तिरै थियो, तर तिनले यो कुरा जानीजानी लुकाएका रहेछन्। बेलायती पत्रिका *द गार्डियन* का अनुसार सन् २००२ देखि २०१० सम्म एउटा अमेरिकी धनाढ्यले वायुमण्डल परिवर्तन सम्बन्धी विज्ञानलाई शंकास्पद छ भनी देखाउने समूहलाई १२ करोड डलर उपलब्ध गराएका थिए।

**इन्ष्टिच्युटले जलवायु परिवर्तनलाई दृढ रूपमा नकार्नेलाई हैसियत र बोल्ने मौका प्रदान गर्छ। संयुक्त राष्ट्रसंघले आयोजना गर्ने इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज (आईपीसीसी) जस्तै सुनिने इन्टरनेशनल कन्फ्रेन्स अन क्लाइमेट चेन्ज (आईसीसीसी) सम्मेलनको आयोजना हर्टल्यान्ड इन्ष्टिच्युटले गर्छ। यो इन्ष्टिच्युटसँग आवद्ध वक्ताहरू जलवायु परिवर्तन वाहियात् भनी धज्जी उडाउन खोज्छन्।**

यसकै फलस्वरूप अमेरिकी राष्ट्रपति बाराक ओबामाको वातावरणीय एजेन्डालाई त्यहाँको कंग्रेसले अस्वीकृत गरिदिएको थियो।

एकथरी प्रस्ताव गर्छन्, विश्व तापक्रम वृद्धि कम गर्न प्रविधिको सहयोग लिन सकिन्छ। यस्तो प्रस्तावमा भनिएको छ, कुनै न कुनै रूपले त्यस्तो प्रविधिको सिर्जना हुनेछ, जसले वायुमण्डलबाट कार्बन सोस्ने वा अन्य तरीकाले सूर्यको ताप कम गर्नेछ। येल विश्वविद्यालयका डन कहान भन्छन्, "विश्व तापक्रम वृद्धि कम गर्न 'जियो इन्जिनियरिङ' प्रयोग गरी सूर्यको केही किरण रोक्ने वा महासागरमा कार्बनडाइअक्साइड सोस्ने यस्ता विकल्प हुन सक्छन्।" लेखिका नाओमी भन्छिन्, "यस्ता प्रस्तावले जलवायु परिवर्तनको असर कम गर्ने तात्त्विक विषयपट्टि ध्यान दिँदैन, त्यसमा प्रयोगको समय खर्चिने मात्र हो। त्यसले विकासोन्मुख मुलुकलाई थप दुष्प्रभाव पर्न जानेछ।"

## परिवर्तनको बाटो

बिल गेट्स र ब्लुमवर्ग जस्ता अर्बपतिले जलवायु परिवर्तन कम गर्ने प्रतिबद्धता देखाएका छन्। यस्ता इच्छाशक्ति व्यापक रूपमा प्रकट भइरहने हो भने जलवायु परिवर्तन कम गर्न सकिन्छ पनि तर विषम मौसमको प्रभावबाट बच्न धनको प्रयोग उचित उपाय हुँदाहुँदै पनि आर्थिक विकास उपयुक्त बाटो हो भन्नेहरू पनि छन्। आर्थिक विकास आवश्यक छ तर समाजले लिएको विकासको बाटो खनिज तेलको दोहनसित प्रणालीगत रूपमै जोडिएको छ। फलस्वरूप हरेक वर्ष हरितगृह ग्याँस उत्सर्जन बढ्ने क्रम जारी छ। परम्परागत विकासको बाटो नै पछ्याइरहने हो भने जलवायु परिवर्तन कम गर्ने सांकेतिक क्रियाकलाप हुनेछन्, तात्विक रूपमा उत्सर्जन कम गर्ने व्यवस्था शुरू हुनसक्ने छैन। परिणाम अकल्पनीय छन् : समुद्र छेउका ठूला शहर डुब्ने छन्, सांस्कृतिक धरोहरलाई समुद्रले निल्नेछ, बालबच्चा डरलाग्दा आँधी र विषम खडेरीबाट त्राण पाउन भाग्दै गरेका हुनेछन्।

"यस्ता थुप्रै डरलाग्दा सम्भावना हुँदाहुँदै पनि पश्चिमी समाज समस्या समाधान गर्ने बाटोमा हिंडेको छैन", नाओमी भन्छिन्। जलवायु परिवर्तनले प्राणीको जीवन निर्मूल पार्ने प्रकोप ल्याउने सम्भावना छ, तर सो संकट समाधानमा विश्वका प्रभावशाली नेताहरूको ध्यान पुग्न सकेको छैन। व्यक्तिगत रूपमा गरिने क्रियाकलाप जस्तै, मोटर गाडी चलाउन बन्द गर्ने, स्थानीय किसानको बजारमा किनमेल गर्ने जस्ता क्रियाकलाप सहयोगी त हुन्छन् तर यस्ता सांकेतिक कार्यले मात्र संरचना परिवर्तन गर्न सकिदैन। यसतर्फ ध्यान पुगेकै छैन। नाओमी भन्छिन्, "अँध्यारो, डरलाग्दो र निष्ठुर भविष्य पनि बदल्न त सकिन्छ। तर यसका लागि विश्व राजनीतिक तप्का र नागरिक तयार नभई परिवर्तन सम्भव छैन। उच्च स्रोत उपभोग गर्नेहरूले आफ्नो जीवनयापनका तौरतरीका परिवर्तन गर्नु आवश्यक छ। परिवर्तन सजिलो नभए पनि प्रलयकारी पनि होइन।" नाओमी तर्क गर्छिन्, "साधारण नागरिकले नेतृत्व गरेको आन्दोलनले परिवर्तन गर्न सक्छ, तर उनीहरूले खेल्ने यस्तो भूमिका वैज्ञानिक तथ्यलाई ध्यान नदिई नीति बनाउने र गर्नुपर्ने विषय पछि गरौंला भन्ने नेताहरूको भूमिका भन्दा प्रभावशाली हुनु जरूरी हुन्छ।"

विभिन्न मुलुकका सर्वसाधारण नागरिकले जलवायु परिवर्तन, दोस्रो युद्धपछि ल्याइएको मार्शल प्लान सरहको सम्बोधन हुनुपर्ने चुनौती हो भन्ने घोषणा गरे भने, राजनीतिक नेतृत्व सो प्रस्ताव मान्न बाध्य हुनेछ, चुनौती सम्बोधन गर्न कर लाग्नेछ, त्यसका लागि आर्थिक स्रोत पनि जुट्नेछ। साथै, स्वतन्त्र बजार सञ्चालन गर्ने नियम जलवायु परिवर्तन कम गर्ने उद्देश्यले मिलाइनेछ।

**विभिन्न मुलुकका सर्वसाधारण नागरिकले जलवायु परिवर्तन, दोस्रो युद्धपछि ल्याइएको मार्शल प्लान सरह सम्बोधन हुनुपर्ने चुनौती हो भन्ने घोषणा गरे भने, राजनीतिक नेतृत्व सो प्रस्ताव मान्न बाध्य हुनेछ, चुनौती सम्बोधन गर्न कर लाग्नेछ, त्यसका लागि आर्थिक स्रोत पनि जुट्नेछ।**

नाओमी भन्छिन्, "विश्वमा भइरहेका थुप्रै असंगतिलाई परिवर्तन गर्ने आन्दोलनमा परिणत हुनसक्छ, जलवायु परिवर्तनको मुद्दा।" आफ्नो १५ वर्षको अनुसन्धानलाई आधार मान्दै नाओमी भन्छिन्, "वर्तमानमा सामना गर्नुपरेको आर्थिक अपचलन, विपत्, आतंककारी आक्रमण र युद्धहरूले मानव समाजलाई विषम विचलनको स्थितिमा पुऱ्याएको छ।" सामाजिक परिवर्तन यस्तो अवस्थामा हुने गर्छन्, तर परिवर्तन राम्रो बाटोमा नभई नराम्रो तर्फ गएका संकेत देखिएका छन्। बहुराष्ट्रिय कम्पनीहरूले विषम संकटको बहानामा नियम परिवर्तन गर्न सरकारहरूलाई दबाब दिन्छन् र फाइदा लिन्छन्। सानो अभिजात्य वर्गले आफ्नो फाइदाका लागि नागरिक स्वतन्त्रता तथा मानवअधिकार उल्लंघन गरेका थुप्रै दृष्टान्त भेटिन्छन् विश्व इतिहासमा।

नाओमी सचेत गराउँछिन्, "जलवायु परिवर्तनलाई पनि त्यसरी नै प्रयोग गरिने संकेत देखा पर्न थालेका छन्।" 'कार्बन क्रेडिट्स' अर्थात् वनजंगलले कार्बन सोस्ने विधि संस्थागत गर्दै जलवायु परिवर्तनको असर कम गर्ने विधिबारे नाओमी भन्छिन्, "यो बाटोले सामुदायिक वन निजीकरण गर्दै त्यस्ता व्यवसायका मालिकलाई धनी बनाउँछ।" उनले दिएको अर्को उदाहरण बीमासित सम्बन्धित छ। विश्वका बीमा कम्पनीले विकासोन्मुख देशको भौतिक आधारभूत संरचनालाई जलवायु परिवर्तनको असरबाट बचाउने भन्दै आफ्नै व्यवसायको हित हुने रणनीति अख्तियार गर्दैछन्। त्यसबाहेक विषम मौसमको सामना गर्नसक्ने जलवायु सुहाउँदो (क्लाइमेट रेडी) बीउको रुन्डै २६१ वटा पेटेन्टहरू कृषि व्यवसायमा संलग्न मनसान्टो रसिजेन्टा जस्ता ठूला निजी कम्पनीको अधीनमा रहेका छन्। नाओमी भन्छिन्, "यस्ता बीउ-बिजनका प्रवर्द्धनबाट ठूला बहुराष्ट्रिय कम्पनीले मात्र फाइदा उठाउने छन्।" स्मरणीय छ, केही वर्षअघि मनसान्टोले नेपालमा वंशाणुगत सुधारिएको बीउ बेच्ने प्रसंग उठाएको थियो। जलवायु परिवर्तनका कारण हुनसक्ने विषम सुक्खा, विषम वर्षा र भलबाढीले शान्ति सुरक्षाको स्थिति पैदा हुनसक्छ। फलस्वरूप अस्त्रशस्त्र, बन्दूक र त्यसलाई पोस्ने सेवाको व्यवसाय बढ्दै जाने सम्भावना छ। नाओमीका अनुसार पश्चिमा समाजका प्रणालीहरू विपत् र संकटका वेला फाइदा उठाउने गरी निर्माण भएकाले यस्तो परिस्थिति उत्पन्न हुँदा अचम्म मान्नु पर्दैन।

हालै विश्वमा विभिन्न किसिमका विपत् र संकटका अवस्था आएका छन्, जस्तै २००८ को वालस्ट्रिट मेल्ट डाउन, खाद्य वस्तुहरूको अत्यधिक मूल्यवृद्धिको कारणले उब्जिएको अरब अन्दोलन, कठोर आर्थिक नीतिका कारण ग्रीसदेखि स्पेन, चिली, अमेरिका लगायत क्युवेकसम्मका आन्दोलन निरन्तर फाइदा लिइरहनेहरूकै विरुद्धमा उठेका थिए। ग्रीस त रुन् अन्योलतिर अगाडि बढ्दै गरेको देखिन्छ। त्यहाँका निर्वाचित प्रधानमन्त्रीले राजनीतिक दबाब सहन नसकेर राजीनामा गर्नुपऱ्यो। बहुसंख्यक मनुष्यका लागि लाभदायक जीवनप्रणाली सुधार्ने परिवर्तनका सिलसिला सम्भव छन् तर सो परिवर्तन वास्तविक बनाउन हामी तयार हुन सक्नुपर्छ। नाओमी भन्छिन्, "जलवायु परिवर्तन यस्तै परिवर्तनको संवाहक हुनसक्छ।"

सन् १९९० मा पहिलो पटक विश्व जलवायु सन्धि भएको हो। तत्पश्चात् यस विषयमा व्यापक बहस चलिरहेका छन्। एक अध्ययनका अनुसार सन् १९९० को शुरूदेखि २०१३ सम्म विश्व वायुमण्डलमा कार्बनडाइअक्साइड उत्सर्जन ६१ प्रतिशतले बढ्यो। तर यस अवधिमा उत्सर्जन न्यून गर्ने कुनै ठोस सम्झौता हुनसकेको छैन। सन् २००९ मा डेनमार्कको राजधानी कोपनहेगनमा यस्तो सन्धि हुने अपेक्षा थियो तर हुन सकेन। त्यस सम्मेलनमा अमेरिका, चीन लगायत धेरै हरितगृह ग्याँस उत्सर्जन गर्ने मुलुकले विश्व तापक्रम वृद्धि २ डिग्री सेल्सियससम्म सीमित गर्ने सामान्य (ननबाइडिङ) सम्झौता गरे पनि पालना हुने सम्भावना थिएन। सम्मेलनका अन्य सहभागी प्रतिनिधिले हासिल गर्न नसकिने यस्तो लक्ष्य टापु देशहरू, सहारा वरिपरिका अफ्रिकी मुलुक र अन्य विकासशील मुलुकका लागि मृत्युको घोषणा सरह हो भनी विरोध जनाएका थिए। हाल ०.८ डिग्री सेल्सियस तापक्रम वृद्धि हुँदै गरेको अवस्थामा अत्यासलाग्दा घटना बढेका छन्। यस्ता केही घटना हुन्– २०१२ को ग्रीष्म ऋतुमा ग्रीनल्याण्डको हिमपिण्डको सतह पग्लिनु र महासागरको अम्लीयपन तीव्र गतिमा बढ्नु। यदि तापक्रम २.० डिग्री सेल्सियसको दरमा बढ्ने हो भने अवस्था अकल्पनीय हुने नाओमीको टिप्पणी छ। अरु डरलाग्दो कुरा विश्व तापक्रम वृद्धि २ डिग्रीबाट बढेर ४ डिग्री सेल्सियससम्म पुग्ने अध्ययनहरूले देखाउँछन्। तापक्रम वृद्धिदर यदि ४ डिग्रीतर्फ लैजाने हो भने भविष्यमा गर्मी बढ्नेछ। जसका कारण विश्व खाद्य भण्डार घट्नेछ, पर्यावरण र जैविक विविधतामा डरलाग्दो ह्रास आउने छ। त्यसको असर प्राणी जीवन खतरामा पर्नेछ। समुद्र तह एक मीटरदेखि दुई मीटरमाथि उठ्ने सम्भावनाले टापु राष्ट्रहरू डुब्नेछन्, समुद्री तटहरू पनि डुवानमा पर्नेछन्।

कोपनहेगन सम्मेलनको ६ वर्षपछि यसै वर्षको अन्त्यमा फ्रान्सको राजधानी पेरिस कन्फ्रेन्स अफ पार्टीज हुनुअघि थुप्रै अनिष्ट हुन सक्छ भन्ने दृष्टिकोण सार्वजनिक भएका छन्। राष्ट्रपति ओबामाले अमेरिकामा जलवायु सम्बन्धी एउटा ऐन पास गराएका थिए। क्रिश्चियन धर्म गुरु पोप फ्रान्सिसले जलवायु परिवर्तनसँग विश्वलाई तदारुकताका साथ जुध्न आह्वान गरेका छन्। पेरिस जलवायु सम्मेलनमा मुख्य कर्ताको रूपमा कार्यरत फ्रान्सका विदेशमन्त्रीले भनेका छन्, "औसत तापक्रम वृद्धि नरोक्ने हो भने पृथ्वीको जीवन नै नष्ट हुनेछ।"

विश्वव्यापी यो राजनीतिक लेनदेनमा नेपाललगायत अविकसित मुलुकले के गर्लान्? हल्ला गर्छन् तर परिणाममा तिनको खासै भूमिका हुँदैन। तैपनि तिनीहरूले विश्व सम्मेलन एवं मन्चहरूमा जलवायु परिवर्तनसँग जुध्न ऐक्यबद्धता जनाउँदै त्यसबाट पर्न गएको दुष्प्रभाव कम गर्न विकसित मुलुकबाट सहयोग खोज्नुपर्छ। जलवायु परिवर्तनको छलफलमा पश्चिमी सभ्यताको भूमिका अगाडि आउँछ। किनभने त्यस सभ्यताले नै खनिज तेलमा आधारित विकासको बाटो अवलम्बन गरेको हो। त्यस कालखण्डमा अन्यत्रका मुलुक विकासको गतिमा निकै पछाडि थिए। हिजोआज मानव सभ्यता भन्नु फरक परोइन, किनभने हरेक मुलुकले अंगीकार गरेको विकासपथ तेलको दोहन गर्नमै आधारित छ। प्रश्न हो, तात्विक हिसाबले प्रचलित विकासपथको विकल्प छ कि छैन? 📖

**(पेशाले सिभिल इन्जिनियर वन्त जलस्रोत र वातावरणका विषयमा विशेष चाख राख्छन्।)**